# राजस्व परामर्श समितिको प्रतिवेदन २०७७/७८




## रैनादेवी छहरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजस्व परामर्श समितिका पदाधिकारीहरु



चेत कुमारी थापा
संयोजक
(गाउँपालिका उपाध्यक्ष)



इन्द्र वहादुर क्षेत्री
सदस्य
(प्रमुख प्रशासकीय अधिकृत)



मिना कुंवर रायमाझी
सदस्य
(कार्यपालिका सदस्य)



लक्ष्मण हिताङ्ग
सदस्य
(कार्यपालिका सदस्य)



हरि प्रसाद पराजुली
सदस्य सचिव
(आन्तरिक लेखापरीक्षक)

## भूमिका

सरकारको नीति तथा कार्यक्रम र विकास कार्यक्रम कार्यान्वयनको आधार बजेटको मेरूदण्डको रूपमा राजस्व रहेको हुन्छ। तसर्थ राजस्व प्रणाली र राजस्व प्रशासनको अवस्थाले सरकारको समग्र अवस्था र प्रभावकारितामा भूमिका खेल्ने गर्दछ। स्थानीय सरकारको रूपमा रहेको गाउँपालिको आर्थिक विकास र समृद्धिको लागि राजस्व प्रणालीमा गर्नुपर्ने सामयिक सुधारका सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने सम्यन्त्रको रूपमा स्थानीय राजस्व परामर्श समिति रहेको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित यस समितिमा प्रमुख प्रशासकीय अधिकृत सदस्य, कार्यपालिकाले तोकेको दुई जना सदस्य, नीजि क्षेत्रको तर्फबाट उद्योग वाणिज्य सम्बन्धि मान्यता प्राप्त संस्थाको अध्यक्ष वा नीजले तोकेको प्रतिनिधि सदस्य, घरेलु तथा साना उद्योग सम्बन्धि मान्यता प्राप्त संस्थाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य गरी अधिकतम् ७ जनासम्म सदस्य रहने व्यवस्था रहेको छ ।

आगामी आर्थिक वर्ष २०७८/८/७९ का लागि पेश हुन गई रहेको वार्षिक बजेट तथा आर्थिक विद्येयकमा समावेश गर्नुपर्ने राजस्व नीति तथा कार्यक्रम बारेमा सुझाव दिने उद्देश्यले यो प्रतिवेदन तयार पारिएको छ। यस समितिले गाउँपालिका अन्तर्गतका विभिन्न स्थानका सरोकारवालाहरु, विभिन्न व्यक्ति एवं स्थाहरुबाट लिखित मौखिक तथा विधिन्न माध्यामबाट प्राप्त सुझावहरु र समितिले अध्ययनका क्रममा देखिएको ग्याप पूरा गर्न महसुस र आवश्यक ठानेका विषयहरु समेटेर प्रतिवेदन तयार गरिएको छ।

नेपालले अन्तराष्ट्रिय फोरमहरुमा गरेका प्रतिवद्धता, विकासका अन्तरसम्बन्धित मामिलाहरु, नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हक तथा राज्यका नीति र निर्देशक सिद्धान्तलाई आधारविन्दुको रुपमा लिएर स्थानीय सरकारको हैसियतले संविधानप्रदत्त अधिकार भित्र रहेर अघि सारिएका नीति, योजना तथा प्रतिबद्धताहरुलाई कार्यान्वयन गर्ने प्रस्ताव विन्दुको रुपमा रहेको आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रमले स्थानीय वित्त व्यवस्थापन र वित्त परिचालनका सम्बन्धमा स्पष्ट दिशानिर्देश गर्नु जरूरी छ। रैनादेवी छहरा गाउँपालिकाको समृद्धिकालागि कोरिएका योजनाहरुको कार्यान्वयनका लागि आवश्यक स्रोतकव परिपुर्ति गर्नुका साथै वर्तमान राजस्व प्रणालीको प्रमुख चुनौतिको रुपमा रहेको छ । स्थानीय सरकारको हैसियत प्राप्त गरेपछि स्थानीय स्तरमै आन्तरिक आय अभिवृद्धि गरि आत्मनिर्भरताको दिशा उन्मुख हुन राजस्व प्रणालीलाई प्रभावकारी गराउनु हाम्रो लागि पहिलो प्राथमिकता र चुनौति रहेकको छ । सोहि यथार्थलाई मनन गर्दै यो प्रतिवेदन तयार पारिएको छ। यस प्रतिवेदनमा समावेश गरिएका सुझावहरुको सफल कार्यान्वयन गर्न सकिएका स्थानीय वित्त व्यवस्थापन एवं राजस्व परिचालनको पद्धति तथा मार्गचित्र सुनिश्चित हुनुका साथै आन्तरिक उत्पादन र रोजगारी सिर्जनाका माध्यामबाट दिगो विकासका लागि योगदान पुग्न जाने विश्वास लिइएको छ।

यो प्रतिवेदन तयारीका क्रममा समितिलाई महत्वपूर्ण सुझाव तथा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, प्रवक्ताज्यू लगायत अन्य कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। समितिमा रहेर आ-आफ्नो स्थानबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहने सबै धन्यबादको पात्र हुनुहुन्छ।

चेत कुमारी थापा
संयोजक,
स्थानीय राजस्व परामर्श समिति
रैनादेवी छहरा गाउँपालिका, पाल्पा।

# परिच्छेद एक : पृष्ठभूमि

## परिचय :

नेपालको संविधानको धारा २३० बमोजिम गाउँ कार्यपालिकाले गाउँ सभामा पेश गर्ने वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गर्नुपर्ने राजस्वका नीति, कानून, करका दरहरू, संगठनात्मक संरचना, कार्य प्रक्रिया र तिनमा गर्नुपर्ने सुधारका विषयमा गाउँ कार्यपालिकालाई सुझाव सिफारिस गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था रहेको छ । अर्थतन्त्रमा सरकारी, नीजि र सहकारी सबै क्षेत्रको उत्तिकै महत्व हुने कुरालाई मध्यनजर गरी २०६० सालदेखि सरकार र नीजि क्षेत्रबीचको नीति सम्वादको स्थायी संयन्त्रको रुपमा काम गर्दै राजस्व परामर्श समितिमा सरकारी पदाधिकारी लगायत स्थानीय बजार र अर्थतन्त्रका अभियन्ता, नीजि क्षेत्रको छाता सङ्गठनका प्रतिनिधिहरु समेतको प्रतिनिधित्व रहने व्यवस्था रहेको छ ।

## स्थानीय राजस्व परामर्श समितिको संरचना :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा गाउँपालिकामा राजश्व सम्बन्धि मरामर्शको लागि देहाय बमोजिमको एक स्थानीय परामर्श समिति रहने व्यवस्था रहेको छ :

| | |
|---|---|
| उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना | सदस्य |
| निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धि मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| घरेलु तथा साना उद्योग सम्बन्धि मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| कार्यपालिकाको राजश्व महाशाखा, विभाग वा शाखा प्रमुख | सदस्य सचिव |

## स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार :

स्थानिय तकहो बजेट तर्जुमा दिग्दर्शन (परिमार्जन सहित), २०७४ को दफा ५.२.१ बमोजिम स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

क. राजश्व सम्बन्धि नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,
ख. राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने,
ग. राजश्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,
घ. स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,
ङ. कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने,
च. राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।

# परिच्छेद दुई : राजस्वको मौजुदा अवस्थाको विश्लेषण

## राजस्व संकलन :

राजस्व संकलनमा मुख्यतया कर राजस्व र गैरकर राजस्व पर्दछन् । कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैन । नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकारको विषयमा मात्र स्थानीय तहले नियमानुसार कर संकलन गर्न सक्छ । यसरी हेर्दा स्थानीय तहले संकलन गर्ने करको योगदान कुल बजेटको तुलनामा सानो देखिन्छ । करको आधार बिन्दु स्थानीय तह भएकाले कर संकलनमा उपलब्धि भन्दा पनि नजिकको सरकारले करको विषयमा सुसूचित गर्ने र अन्य नागरिकलाई कर तिर्ने बानी बसाल्नु नै अहिलेको उपलब्धिको रुपमा हुने देखिन्छ।

## चालु आर्थिक वर्षको राजस्व संकलनको अवस्था :

चालु आर्थिक वर्ष २०७७/७८ मा श्रावण महिना देखि वैशाख महिना सम्मको (वैशाख महिनाको वडा नं.८ को आन्तरिक आम्दानि वाहेक) राजस्व रु.५८ लाख २१ हजार ५ सय ९९ रुपैयाँ ७८ पैसा आम्दानी भएको देखिन्छ। आ.व.२०७६/७७ मा रु.६७ लाख ६७ हजार ७ सय ८९ रुपैयाँ ४० पैसा आम्दानी भएको थियो । यो आधारमा हेर्दा चालु आर्थिक वर्षमा यहि गतिमा राजस्व संकलनको अवस्था रहे गत आर्थिक वर्षमा भन्दा राजस्व तथा आम्दानीको लक्ष्य प्राप्ति भई आम्दानी वृद्धि हुने अवस्था देखिन्छ ।

चालु आर्थिक वर्ष २०७७/७८ को श्रावण महिना देखि वेशाख महिना सम्मको राजस्व संकलन तथा आन्तरिक आयको विवरण देहाय बमोजिम रहेको छ ।

**रैनादेवी छहरा गाउँकार्यपालिकाको कार्यालय**
**छहरा पाल्पा**
**आ.व. २०७७/७८ श्रावण देखि वैशाख मसान्त सम्मको शीर्षकगत राजश्व प्रतिवेदन**

| क्र.सं. | महिना | राजश्व शिर्षक | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सम्पति कर | घर बहाल कर | भूमिकर (मालपोत) | सेवा शुल्क दस्तुर | व्यवशाय कर | दण्ड जरिवाना | अन्य कर | जम्मा राजश्व | |
| १ | श्रावण | १४४९०.०० | २८५३०.०० | ५५१३६.०० | ५६४५०.०० | ४९२०.०० | १३२०.०० | ३०७०४.०० | १९१५५०.०० | |
| २ | भाद्र | २५५०.०० | ०.०० | ४१८६.०० | २८२२९.०० | ०.०० | ४००.०० | ३८८०५.०० | ७४१७०.०० | |
| ३ | आश्विन | २०३८३.०० | ०.०० | २१७६४.०० | ११२७५५०.०० | ३०००.०० | २५२५.०० | ५२९९१.०० | १२२८२१३.०० | |
| ४ | कार्तिक | ३२४०.०० | १६००.०० | १३७४१.०० | १०१३७०.०० | ५०००.०० | २६१०.०० | ४५८०७.०० | १७३३६८.०० | |
| ५ | मंसिर | १७२२५.०० | ५६७२३.२४ | २४५४८.०० | १८८४०५.०० | ९६५०.०० | ३०५०.०० | ३४९६३.०० | ३३४५६४.२४ | |
| ६ | पौष | १३७९५.०० | ३३८०.०० | ४१८०५.०० | २२८३०६.०० | ६२५००.०० | ६०५०.०० | १२०१०३.०४ | ४७५९३९.०४ | |
| ७ | माघ | २२१३०.०० | १४१३०.०० | ४८९४३.०० | २०१५१७२.०० | ६३००.०० | ५२७२.०० | १०४३७२.०० | २२१६३१९.०० | |
| ८ | फागुन | १४८१०.०० | २०५०.०० | ३८४४८.०० | २२२२०७.०० | १४३००.०० | ४७३५.०० | १५२८४८.०० | ४४९३९८.०० | |
| ९ | चैत्र | २८९८५.०० | १८५६०.०० | ५८४१५.०० | १८८१००.०० | ६५३६०.०० | ४४५०.०० | १११६८४.०० | ४७५५५४.०० | |
| १० | बैशाख | १३४९०.०० | ०.०० | ३७७२१.०० | ८७१५५.०० | १५००.०० | ३३५०.०० | ५९३०८.५० | २०२५२४.५० | |
| जम्मा | | १५१०९८.०० | १२४९७३.२४ | ३४४७०७.०० | ४२४२९४४.०० | १७२५३०.०० | ३३७६२.०० | ७५१५८५.५४ | ५८२१५९९.७८ | |

रैनादेवी छहरा गाउँकार्यपालिकाको कार्यालय

छहरा पाल्पा

आ.व. २०७७/७८ श्रवण देखि वैशाख मसान्त सम्मको वडागत राजश्व प्रतिवेदन

| क्र. सं. | कार्यालय | महिना | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | बैशाख | जम्मा | |
| १ | वडा नं १ को कार्यालय | १०९३५.०० | १५४६.०० | २४१९८.०० | १२४७९.०० | २२३८०.०० | ४२९३८.०० | २८२६६.०० | ४२७६९.०० | १९८३५.०० | ३३०३.०० | २०८६४९.०० | |
| २ | वडा नं २ को कार्यालय | ४८१२५.०० | १०७२३.०० | २८९८२.०० | १७९३१.०० | ५२१००.०० | २८९००.०० | ४६९८८.०० | २३९८३.०० | २०१९१.०० | १५९०५.०० | २९३८२८.०० | |
| ३ | वडा नं ३ को कार्यालय | १३०१०.०० | ३२५८६.०० | ४५८५०.०० | ४८९४६.०० | ५६२१०.०० | ४८२३५.०० | ७७९३०.०० | १३६७५०.०० | ७४७१०.०० | १२७८०.०० | ५४७००७.०० | |
| ४ | वडा नं ४ को कार्यालय | ६३३१५.०० | ११८९६.०० | ४३१७०.०० | ३८५५१.०० | ७५७०२.०० | ५८८८६.०० | १३३७६६.०० | ९६३४४.०० | १०१६६८.०० | ४०११५.०० | ६६३४१३.०० | |
| ५ | वडा नं ५ को कार्यालय | १५७७०.०० | ९१७८.०० | २६२५३.०० | १८३६२.०० | २६९५३.०० | ३६८०७.०० | २१२१२.०० | ३८६१५.०० | ३४३०५.०० | ३१३३३.५० | २५८७८८.५० | |
| ६ | वडा नं ६ को कार्यालय | ७६४५.०० | ९८०.०० | ५३००.०० | ६४१०.०० | ५८५५.०० | ११८५०.०० | २२०४०.०० | ५४१८.०० | ५४१२८.०० | ३०३८५.०० | १५००११.०० | |
| ७ | वडा नं ७ को कार्यालय | ४५७०.०० | ७११.०० | ५३६८.०० | ४०८९.०० | ६०५५.०० | २३१२५.०० | ५८०९९.०० | १८४८५.०० | १९८९७.०० | ४५६१८.०० | १८६०१७.०० | |
| ८ | वडा नं ८ को कार्यालय | २४६८०.०० | ४०५०.०० | ६३९२.०० | ४१००.०० | १५५०२.०० | ११९१४७.०४ | ५७४४३.०० | ३४१०९.०० | ९३६८०.०० | ०.०० | ३५९१०३.०४ | |
| ९ | गाउँपालिकाको कार्यालय | ३५००.०० | २५००.०० | १०४२७००.०० | २२५००.०० | ७३८०७.२४ | १०६०५१.०० | १७७०५७५.०० | ५२९२५.०० | ५७१४०.०० | २३०८५.०० | ३१५४७८३.२४ | |
| जम्मा | | १९१५५०.०० | ७४१७०.०० | १२२८२१३.०० | १७३३६८.०० | ३३४५६४.२४ | ४७५९३९.०४ | २२१६३१९.०० | ४४९३९८.०० | ४७५५५४.०० | २०२५२४.५० | ५८२१५९९.७८ | |




## परिच्छेद तिन : राजस्व संकलनका उद्देश्य र नीतिहरु

### राजस्व संकलनका उद्देश्यहरु :

आगामि आर्थिक वर्ष २०७८/७९का लागि आन्तरिक राजस्व परिचालन नीतिका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- कर सचेतना कार्यक्रम मार्फत सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।
- वडा कार्यालय र गाउँ कार्यपालिका कार्यालयबीच परस्पर सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजस्व परिचालनमा जोड दिने ।
- राजस्व चुहावट नियन्त्रणका लागि उत्प्रेरणात्मक र दण्डात्मक नीति अंगिकार गरी कर संकलन तथा परिचालनमा प्रदेश सरकार तथा संघीय सरकारलाई सहयोग गर्ने ।
- आन्तरिक राजस्व परिचालनमा दिगो वृद्धि दर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजस्व प्रणालीमा सुधार गर्ने ।
- स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजस्व प्रणालीलाई समन्यायिक एवं लगानीमैत्री बनाउने ।
- आन्तरिक राजस्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने ।

- कृषि लगायत अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने ।
- स्थानिय कर प्रणाली बारे आम पेशा, व्यवशाय र सर्वसाधारण नागरिकमा आश्वस्त पार्ने ।

### राजस्व संकलनका नीतिहरु :

राजस्व संकलनका उद्देश्यहरु हासिल गर्नका लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गर्ने :

- सार्वजनिक सेवा र राजस्वबीचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट बञ्चित गराउने नीतिको अवलम्बन गर्ने ।
- करको दर भन्दा दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लैजाने ।
- राजस्व संकलनका लागि आवस्यक जनशक्ति परिचालन गरी करदातालाई सहज रुपमा कर तिर्ने वातावरण निर्माण गर्ने ।
- कर प्रणालीमा प्रकृयागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको बाटो अपनाउने ।
- करदाताले तिरेको करको जानकारी दिनेगरी एकीकृत कार्ड बनाई नीजलाई उपलब्ध गराईने व्यवस्थाको सुरु गर्ने र सोहि कार्डको आधारमा सेवा प्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाउने ।
- चोरि निकासी/पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अपनाउने ।
- करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गर्ने ।
- कर शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवस्यकता अनुसार नीजि, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गर्ने ।
- कर संकलन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधि व्यवस्थापन प्रणालीमा आवद्ध गरी व्यवस्थित गर्ने ।
- सबै पेशा व्यापारलाई करको दायराभित्र ल्याउने ।

## परिच्छेद चार : करका आधारहरु

नेपालको संविधानले दिएको अधिकार, राजस्व सम्बन्धी अधिकार, कार्य विस्तृतिकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार करका आधारहरु देहाय बमोजिम रहेका छन् :

क) सम्पत्ति कर
   - अचल सम्पत्तिमा लाग्ने कर (मालपोत, घरजग्गा कर, सम्पत्ति कर)

ख) वस्तु तथा सेवा सम्बन्धी कर
   - मनोरञ्जन कर (प्रदेशसँग साझेदारीमा)
   - विज्ञापन कर (प्रदेशसँग साझेदारीमा)
   - सवारी साधन कार (प्रदेशसँग साझेदारीमा)
   - व्यवसाय कर

ग) सेवा शुल्क तथा दस्तुर
   - सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा)
   - दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा)
   - पर्यटन शुल्क

## परिच्छेद पाँच : आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्वका दरहरु

**अनुसूची (१)**

दफा (२) सँग सम्बन्धित

**सम्पति करको दररेट**

| क्र.सं. | कर योग्य सम्पतिको आधार | दर रु. |
|---|---|---|
| १ | ३ लाख सम्म | २५ |
| २ | ३ लाख देखि ५ लाख सम्म | ५० |
| ३ | ५ लाख देखि १० लाख सम्म | १०० |
| ४ | १० लाख देखि १५ लाख सम्म | २०० |
| ५ | १५ लाख देखि २० लाख सम्म | ३०० |
| ६ | २० लाख देखि ५० लाख सम्म | ५०० |
| ७ | ५० लाख देखि १ करोड सम्म | ३००० |
| ८ | १ करोड देखि माथि प्रति करोड ५०० का दरले थप | |

**अनुसूची (२)**

दफा (३) सँग सम्बन्धित

मालपोत करको दररेट

| क्र.सं. | विवरण | प्रति रोपनी रकम रु. |
|---|---|---|
| १ | अब्बल | ६ |
| २ | दोयम | ५ |
| ३ | सिम | ४ |
| ४ | चाहार | ३ |
| ५ | न्यूनतममा ५ रोपनी सम्म | १० |

**अनुसूची (३)**

दफा (४) सँग सम्बन्धित

**वहाल करको दररेट**

रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज गोदान, टहरा छप्पर, सेड, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तवरले दिएकोमा बहाल अंकको १०% का दरले वहाल कर संकलन गरिनेछ । संगठित संघ संस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले वहालमा वसे वापत वहाल रकम बुझाउदा श्रोतमै अग्रिम वहाल कर कट्टि गरी दाखिला गर्नुपर्नेछ ।

**अनुसूची (४)**

दफा (५) सँग सम्बन्धित

**व्यवसाय करको दररेट**

| क्र.सं. | राजश्वका क्षेत्रहरु | व्यवसायको प्रकृति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सानो व्यवसाय (२० लाख सम्म) | मझौला व्यवसाय (५० लाख सम्म) | ठूला व्यवसाय (५०लाख भन्दा माथि) | |
| व्यापारिक वस्तु कर | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | रक्सी, मदिरा जन्य पसल | १५०० | २५०० | ५००० | |
| २ | ज्वेलेरी | १००० | २००० | ५००० | |
| ३ | मोवाइल एसेसरीज विक्री पसल | १००० | २००० | ३००० | |
| ४ | घडि/चस्मा/सिडि/रेडियो विक्री पसल | ५०० | ७०० | १००० | |
| ५ | पुस्तक पसल स्टेसनरी | ५०० | १००० | २००० | |
| ६ | इलेक्ट्रोनिक्स सामान पसल | १००० | १५०० | २००० | |
| ७ | कलर ल्याव वा प्रिन्टिङ्ग व्यवसाय | १००० | २००० | ३००० | |
| ८ | फर्निचर तथा फर्निसिङ्ग | २००० | ३००० | ५००० | |
| ९ | काठ चिरानी तथा सामान्य लोकल फर्निचर | २००० | ४००० | ६००० | |
| १० | तयारी लुगा रेडिमेट, कपडा | १००० | २००० | ३००० | |
| ११ | रड सिमेन्ट हार्डवेयर पसल | ३००० | ५००० | ७००० | |
| १२ | प्लाइउड, शिशा पसल | २००० | ३००० | ५००० | |
| १३ | रंग रोगन पसल | १००० | १५०० | २००० | |
| १४ | बिजुली सामान पसल | ५०० | १००० | १५०० | |
| १५ | सवारी साधन पार्टपूर्जा | १००० | २००० | ३००० | |
| १६ | कस्मेटिक, श्रृगांर पसल | ५०० | १५०० | २००० | |
| १७ | टायर ट्यूव पसल | १००० | २००० | ३००० | |
| १८ | रोडा बालुवा | २००० | ५००० | ८००० | |
| १९ | पेट्रोल पम्म | ५००० | ८००० | १२००० | |
| २० | छाला जुता पसल | १००० | २००० | ३००० | |
| २१ | औषधि पसल | २००० | ५००० | ८००० | |
| २२ | भेटनरी पसल | २००० | ५००० | ८००० | |
| २३ | सर्जिकल पसल | ३००० | ५००० | ८००० | |
| २४ | किनारा, खाद्य, चिसो समेत | ५०० | ३००० | ८००० | |
| २५ | तरकारी, फलफूल पसल | ५०० | १००० | २००० | |
| २६ | दूध डेरी | ५०० | १००० | २००० | |
| २७ | भाँडाकुडा पसल | १००० | २००० | ४००० | |
| २८ | गिफ्ट तथा खेलौना पसल | १००० | २००० | ५००० | |
| २९ | जत्ता पसल | १००० | २००० | ३००० | |
| ३० | खाद्यान्न डिलर | ४००० | ८००० | १२००० | |
| ३१ | मोटर साइकल वर्कसप | ५००० | ८००० | १२००० | |
| ३२ | मोटरसाइकल विक्री पसल | २००० | ५००० | ७००० | |
| ३३ | मोटर बिक्री पसल | ५०००० | | | |
| ३४ | साइकल बिक्री पसल | १००० | २००० | ३००० | |
| ३५ | रिकन्डिसन मोटर साइकल खरिद बिक्री पसल | ३००० | ५००० | १०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | रिकन्डिसन सवारी साधन खरिद बिक्री पसल | ३०००० | | | |
| | **विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसाय सेवा** | | | | |
| ३७ | चिकित्सक | २००० | ५००० | ७००० | |
| ३८ | कविराज | १००० | २००० | ३००० | |
| ३९ | इन्जिनियर | २००० | ४००० | ६००० | |
| ४० | लेखा परीक्षक | १००० | २००० | ३००० | |
| ४१ | कानुन व्यवसायी | २००० | ४००० | ६००० | |
| ४२ | दन्त चिकित्सक | २००० | ४००० | ६००० | |
| ४३ | अनुसन्धान कर्ता | २००० | ४००० | ६००० | |
| ४४ | विमा एजेन्ट | १००० | २००० | ३००० | |
| ४५ | सर्भेयर | २००० | ४००० | ६००० | |
| ४६ | पशु चिकित्सक | १००० | २००० | ३००० | |
| ४७ | शेयर दलाल | ४००० | ७००० | ९००० | |
| ४८ | सामान ढुवानीकर्ता तथा कम्पनि | ४००० | ७००० | ९००० | |
| ४९ | कन्सल्टेन्सी | २००० | ५००० | ७००० | |
| ५० | अन्य विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा | १००० | ३००० | ५००० | |
| | **उत्पादन मुलक उद्योग** | | | | |
| ५१ | आईसक्रिम उद्योग | १००० | २००० | ३००० | |
| ५२ | विस्कुट उद्योग | २००० | ४००० | ६००० | |
| ५३ | पाउरोटी उद्योग | १००० | १५०० | २००० | |
| ५४ | डेरी उद्योग | १००० | १५०० | २००० | |
| ५५ | डिस्टीलरी उद्योग | १०००० | २५००० | ४०००० | |
| ५६ | मिनरल वाटर उद्योग | १००० | १५०० | २००० | |
| ५७ | खाद्यान्न सामाग्री, चाउचाउ समेत | ५००० | ८००० | १०००० | |
| ५८ | कार्पेट पसमिना गार्मेन्ट | ५००० | ८००० | १०००० | |
| ५९ | पलाष्टिक उद्योग | ५००० | ८००० | १०००० | |
| ६० | घरेलु उद्योग | १००० | २००० | ३००० | |
| ६१ | कापी किताब उद्योग | ५००० | ८००० | १०००० | |
| ६२ | तोरी मिल | १००० | १५०० | २००० | |
| ६३ | खाद्यान्न मिल | ५०० | १००० | १५०० | |
| ६४ | इटा उद्योग | ३००० | ५००० | ७००० | |
| ६५ | क्रसर | ५००० | १०००० | १२००० | |
| ६६ | अन्य उत्पादन मूलक उद्योग | १००० | १५०० | २५०० | |
| | **कृषि तथा वन्यजन्तु** | | | | |
| ६७ | कृषि वा वन पैदावार मा आधारित उद्योग व्यवसाय | १००० | १५०० | २००० | |
| ६८ | काठ समेतको स:मिल | ३००० | ५००० | ८००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६९ | अन्य कृषि तथा वन जन्य उद्योग | १००० | १५०० | २००० | |
| **पर्यटन उद्योग तथा व्यवसाय** | | | | | |
| ७० | रेस्टुरेण्ट एण्ड वार | १००० | २००० | ५००० | |
| ७१ | फास्ट फूड पसल | ५०० | १००० | १५०० | |
| ७२ | वेकरी क्याफे | ५०० | १००० | १५०० | |
| ७३ | लज गेष्ट हाउस | २५०० | ५००० | ८००० | |
| ७४ | रिसोर्ट | ३००० | ५००० | ८००० | |
| ७५ | अन्य पर्यटन उद्योग | ३००० | ५००० | ८००० | |
| **सेवा व्यवसाय** | | | | | |
| ७६ | परामर्श सेवा चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफि प्रयोगशाला, शित भण्डार, आदी उद्योग व्यवसाय | ३००० | ५००० | ८००० | |
| ७७ | ड्राइक्लिनर्स | ५०० | २००० | ३००० | |
| ७८ | भोजनालय तथा सामान्य खाजा घर | ५०० | १००० | २००० | |
| ७९ | छापाखाना | २००० | ४००० | ६००० | |
| ८० | साधारण टेलरिङ्ग | ५०० | १००० | २००० | |
| **सञ्चार सेवा व्यवसाय** | | | | | |
| ८१ | टेलिफोन सेवा, कम्युनिकेशन पसल, साइवर | १००० | २००० | ३००० | |
| **वित्तीय सेवा व्यवसाय** | | | | | |
| ८२ | वाणिज्य बैंक | ७००० | | | |
| ८३ | विकास बैंक | ५००० | | | |
| ८४ | वत्तीय कम्पनी | ५००० | | | |
| ८५ | सहकारी संस्था | १००० | | | |
| ८६ | विमा कम्पनी | २५०० | | | |
| ८७ | विदेशी मुद्रा सटहि | २००० | | | |
| ८८ | मनी ट्रान्सफर | ३००० | | | |
| ८९ | सहकारी बैंक | ३००० | ५००० | ८००० | |
| ९० | अन्य वित्तीय कारोवार गर्ने | ३००० | ५००० | ८००० | |
| **स्वास्थ्य सेवा व्यवसाय** | | | | | |
| ९१ | सामुदायिक गैर सहकारी अस्पताल | ५००० | | | |
| ९२ | नर्सिङ्ग होम | ४००० | | | |
| ९३ | क्लिनिक तथा ल्याव | २५००० | | | |
| ९४ | निजी अस्पताल, मेडिकल कलेज | ५०००० | | | |
| ९५ | डेन्टल हस्पिटल | ५००० | ७००० | ९००० | |
| ९६ | अकुपँचरीस्ट | २००० | ३००० | ५००० | |
| ९७ | भेटनरी क्लिनिक | २५०० | ३५०० | ५५०० | |
| **शिक्षा तथा तालिम व्यवसाय** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९८ | तालिम तथा अनुसन्धान केन्द्र | २००० | ३००० | ४००० | |
| ९९ | टाइपिङ्ग कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | २००० | ३००० | ४००० | |
| १०० | मन्टेसरी | १००० | १५०० | २००० | |
| १०१ | निजी विद्यालय आधारभूत | ३००० | ५००० | ७००० | |
| १०२ | निजी विद्यालय मा.वि. | ५००० | ७००० | ९००० | |
| | **मर्मत संभार व्यवसाय** | | | | |
| १०३ | हेभि भेइकल | ३००० | ५००० | ७००० | |
| १०४ | वस, ट्रक | २००० | ३००० | ५००० | |
| १०५ | लाइट भेइकल, कार, जिप, भ्यान | १५०० | २००० | ३००० | |
| | **अन्य सेवा** | | | | |
| १०६ | विज्ञापन सेवा एजेन्सी | ५००० | ७००० | १०००० | |
| १०७ | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद बिक्री | ५००० | ८००० | १५००० | |
| १०८ | व्यूटी पार्लर | १००० | २००० | ३००० | |
| १०९ | केशश्रृंगार, शैलुन | ५०० | १००० | २००० | |
| ११० | साइनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | १००० | १५०० | २००० | |
| १११ | पशु बधशाला | १००० | २००० | ३००० | |
| ११२ | मासु विक्रेता | १००० | १५०० | २००० | |
| ११३ | फूल तथा विरुवा विक्रेता | ५०० | १००० | १५०० | |
| ११४ | इन्टरनेट प्रोभाइडर | १००० | २००० | ३००० | |
| ११५ | टावर कर सार्वजनीक स्थान | २५००० | | | |
| ११६ | टावर कर सार्वजनीक स्थान | १२००० | | | |
| ११७ | टिकट काउन्टर | १००० | २००० | ३००० | |
| | **अन्य व्यवसाय** | | | | |
| ११८ | पिक्निक स्पोर्ट | ५०० | | | |
| ११९ | शिशु स्याहार केन्द्र | ५०० | १००० | १५०० | |
| १२० | रेन्टल तथा क्याटरिङ्ग सेवा | १००० | २००० | ३००० | |
| १२१ | पार्टी प्यालेश | २००० | ३००० | ५००० | |
| १२२ | होस्टेल | २००० | ३००० | ४००० | |
| १२३ | निर्माण व्यवसायी घ वर्ग इजाजत/नामसारी | ६००० | | | |
| १२४ | निर्माण व्यवसायी घ वर्ग नवीकरण | २५०० | | | |
| १२५ | हाइड्रोपावर | ५०००० | | | |
| १२६ | अन्य उर्जा मुलक उद्योग | ५००० | | | |
| १२७ | जे.सि.भि. सूचीकृत | ६५०० | | | |
| १२८ | डोजर, एक्साभेटर, लोडर, भ्याकुलोडर, ग्रेडर, भायब्रेटर रोलर | १२००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | वा यस्तै प्रकृतिका अन्य सवारी साधन सूचिकृत | | | | |
| १२९ | माथी नतोकिएको हकमा | २००० | ३००० | ४००० | |

**अनुसूची (५)**

दफा (६) सँग सम्बन्धित

**जडिबुटी करको दररेट**

| क्र.सं. | विवरण | | परिमाण | कर दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | खोटो | | निकासीको १% ठेकेदार र २% उपभोक्ता समितिबाट | | |
| २ | जडिबुटी | | प्रति के.जि. | रु.१ | |
| ३ | बनकस (खर, अम्लसो, बाबीयो) | | प्रति टेक्टर | रु.३०० | |
| ४ | भुस र पिना | | प्रति के.जि. | रु.१ | |
| ५ | सालको थिबा | | प्रति के.जि | रु.१ | |
| ६ | सुनकाउली तेजपत्ता | | प्रति के.जि | रु.१ | अनुमति दिने समयमा कर लिने |
| ७ | बाँस सिङ्गो | | प्रति ट्रक | रु.५०० | |
| | | | प्रति टेक्टर | रु.३०० | |
| ८ | गोलिया काठ साल | छ चक्के ट्रक | प्रति ट्रक | १०००० | |
| | | दश चक्के ट्रक | | १५००० | |
| ९ | गोलिया काठ सिसौ | छ चक्के ट्रक | प्रति ट्रक | ६००० | |
| | | दश चक्के ट्रक | | ९००० | |
| १० | गोलिया काठ सल्ला | छ चक्के ट्रक | प्रति ट्रक | ६००० | |
| | | दश चक्के ट्रक | | ९००० | |
| ११ | गोलिया काठ जामुन, आँप | छ चक्के ट्रक | प्रति ट्रक | ६००० | |
| | | दश चक्के ट्रक | | ९००० | |
| १२ | गोलिया काठ अन्य | छ चक्के ट्रक | प्रति ट्रक | ३००० | |
| | | दश चक्के ट्रक | | ५००० | |
| १३ | गोलिया काठ अन्य | | प्रति टेक्टर | १५०० | |
| १४ | रागो भैसी निकासी | | प्रति गोटा | १०० | |
| १५ | ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा निकासी सार्वजनिक तथा निजी जग्गा (मू.अ. कर बाहेक) | | प्रति फुट | रु.३ | |
| १६ | विभिन्न आयोजनाहरुबाट निस्केका ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल जस्ता निर्माणजन्य सामग्री पालिका भित्र सञ्चालन हुने योजनामा प्रयोग गर्दा (उत्खनन् गर्न नपाउने गरि विना ठेक्का) | | प्रति फुट | रु.६ | |
| १७ | खसी बोका निकासी | | प्रति गोटा | २५ | |
| १८ | सुङ्गुर, बङ्गुर निकासी | | प्रति गोटा | २५ | |
| १९ | कुखुरा, हाँस निकासी | | प्रति गोटा | रु.१ | |

**अनुसूची (७)**

दफा (८) सँग सम्बन्धित

**विज्ञापन करको दररेट**

| क्र.सं. | विवरण | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फुट प्रति वर्ष | रु.३०० | |
| २ | होर्डिङ बोर्ड र यस्तै प्रचार सामग्री | प्रति वर्ग फुट प्रति वर्ष | रु.४०० | |
| ३ | डिजिटल बोर्ड र यस्तै प्रचार सामग्री | प्रति वर्ग फुट प्रति वर्ष | रु.५०० | |
| ४ | खेलकुद मैदान, मेला, जात्रा, पर्व वा यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्री | प्रति दिन | रु.१०० | |
| ५ | अन्यको हकमा | प्रति वर्ग फुट प्रति वर्ष | रु.२०० | |

**अनुसूची (८)**

दफा (९) सँग सम्बन्धित

**मनोरञ्जन करको दररेट**

| क्र.सं. | विवरण | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | चलचित्र भवनलाइ चलचित्र प्रदर्शन गरे वापत प्रति चलचित्र प्रदर्शन स्थल वापत वार्षिक रुपमा | अधिकतम ५० सिट क्षमता | ३०००० | |
| | | ५० सिट क्षमता भन्दा बढी | ५०००० | |
| २ | जादु सर्कस मेला सञ्चालन | प्रति दिन | २०० | |
| ३ | केवल टेलिभिजन प्रचार गरेवापत | न्युनतम दुइ सय ग्राहक संख्या सम्म | २००० | वार्षिक |
| | | दुइ सय भन्दा बढी चार सय सम्म ग्राहक संख्या | ३५०० | |
| | | चार सय भन्दा बढी ग्राहक संख्या | ५५०० | |

**अनुसूची (९)**

दफा (१०) सँग सम्बन्धित

**वहाल विटौरी शुल्कको दररेट**

| क्र.सं. | विवरण | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | कपडा, जुत्ता, फेन्सी र यस्तै प्रकारका पसलहरु | प्रति पसल प्रति दिन | रु.१०० | |
| २ | खाजा तास्ता पसल | प्रति पसल प्रति दिन | रु.६० | |
| ३ | खेलौना पसल | प्रति पसल प्रति दिन | रु.६० | |
| ४ | फलफूल तथा तरकारी | प्रति पसल प्रति दिन | रु.६० | |
| ५ | खाद्यान्न पसल | प्रति पसल प्रति दिन | रु.१०० | |
| ६ | अन्य | प्रति पसल प्रति दिन | रु.५० | |

**अनुसूची (१०)**

दफा (११) सँग सम्बन्धित

**पार्किङ्ग शुल्क**

| क्र.सं. | विवरण |
|---|---|
| १ | पार्किङ्ग शुल्क रैनादेवी छहरा गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ । |

**अनुसूची (११)**

दफा (१२) सँग सम्बन्धित

**ट्रेकिङ र र्यापिटङ शुल्क**

| क्र.सं. | विवरण |
|---|---|
| १ | ट्रेकिङ र र्यापिटङ शुल्क रैनादेवी छहरा गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ । |

**अनुसूची (१२)**

दफा (१३) सँग सम्बन्धित

**सेवा शुल्क दस्तुर**

| क्र.सं. | विवरण | | इकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | घर जग्गा सिफारिस | | एक प्रति | रु.५०० | |
| २ | मोहि लगत कट्टा सिफारिस | | एक प्रति | रु.१५० | |
| ३ | घर कायम सिफारिस | | एक प्रति | रु.५०० | |
| ४ | छात्रवृत्ति सिफारिस | | निशुल्क | | |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ती सिफारिस | | निशुल्क | | |
| ६ | शिक्षक सरुवा सिफारिस | प्रा.वि. तह | एक प्रति | रु.१००० | |
| | | आ.वि. तह | | रु.१५०० | |
| | | मा.वि. तह | | रु.२००० | |
| ७ | शैक्षिक प्रमाणपत्र संशोधन तथा प्रतिलिपि (कक्षा ८) | | एक प्रति | रु.२०० | |
| ८ | अपाङ्ग सिफारिस | | निशुल्क | | |
| ९ | बसोबास सिफारिस (अस्थायी तथा स्थायी) | | एक प्रति | रु.१५० | |
| १० | नागरिकता/पासपोर्ट सिफारिस | | एक प्रति | रु.१५० | |
| ११ | नागरिकता संशोधन सिपारिस | | एक प्रति | रु.३५० | |
| १२ | जन्मको आधारमा गरिने ना.प्र. सिफारिस | | एक प्रति | रु.३०० | |
| १३ | नागरिकता प्रतिलिपि सिफारिस | | एक प्रति | रु.२५० | |
| १४ | अंगिकृत नागरिकता सिफारिस | | एक प्रति | रु.५०० | |
| १५ | आर्थिक अवस्था सम्बन्धि सिफारिस (बलियो) | | एक प्रति | रु.१००० | |
| १६ | आर्थिक अवस्था सम्बन्धि सिफारिस (कमजोर) | | एक प्रति | निशुल्क | |
| १७ | विद्युत जडान सिफारिस | | एक प्रति | रु.१५० | |
| १८ | धारा जडान सिफारिस | | एक प्रति | रु.१५० | |
| १९ | जीवित रहेको सिफारिस | | एक प्रति | रु.१५० | |
| २० | जन्ममिति संशोधन सिफारिस | | एक प्रति | रु.१५० | |
| २१ | जग्गा मुल्यांकन सिफारिस/प्रमाणित | | प्रतिहजार मुल्यांकन | ५० पैसा | |
| २२ | व्यवसाय बन्द सिफारिस | | एक प्रति | रु.३०० | |
| २३ | व्यवसाय संचालन नभएको सिफारिस | | एक प्रति | रु.२०० | |
| २४ | व्यापार व्यवसाय नभएको सिफारिस | | एक प्रति | रु.१५० | |
| २५ | अदालत शुल्क मिनाहा सिफारिस | | एक प्रति | निशुल्क | |
| २६ | नाबालक सम्बन्धि सिफारिस | | एक प्रति | रु.१५० | |

| | | | | |
|---|---|---|---|---|
| २७ | चौपाया सम्बन्धि सिफारिस | एक प्रति | रु.१५० | |
| २८ | व्यवसाय दर्ता सर्जमिन सिफारिस | एक प्रति | रु.५०० | फिल्ड खर्च ५००, मूचुल्का शुल्क ५०० |
| २९ | उद्योग ठाउँसारी सिफारिस | एक प्रति | रु.१००० | |
| ३० | विद्यालय ठाउँसारी सिफारिस (निजि) | एक प्रति | रु.१००० | |
| ३१ | विद्यालय कक्षा वृद्धि सिफारिस (निजि) | एक प्रति | रु.१००० | |
| ३२ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस (निजि) | एक प्रति | रु.१००० | |
| ३३ | व्यक्तिगत विवरण सिफारिस | एक प्रति | रु.२५० | |
| ३४ | जग्गा दर्ता सिफारिस | एक प्रति | रु.१५० | |
| ३५ | संरक्षक सिफारिस (व्यक्तिगत वा संस्थागत) | एक प्रति | रु.१५० | |
| ३६ | कित्ताकाट सिफारिस | एक प्रति | रु.२५० | |
| ३७ | विद्युत जडान – दुई फेस | एक प्रति | रु.१०० | |
| | विद्युत जडान – तीन फेस | | रु.५०० | |
| ३८ | सरकारको नाममा बाटो सिफारिस | एक प्रति | निशुल्क | |
| ३९ | नाता प्रमाणित सिफारिस – नेपाली भाषामा | एक प्रति | रु.१५० | |
| | नाता प्रमाणित सिफारिस – अंग्रेजी भाषामा | | रु.५०० | |
| ४० | नाता प्रमाणित सर्जमिन गर्नु परेमा | एक प्रति | रु.३०० | |
| ४१ | कोठा खोल्ने रोहवरमा बस्नुपर्ने | एक प्रति | रु.१५० | |
| ४२ | नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | एक प्रति | नि:शुल्क | |
| ४३ | संस्था दर्ता सिफारिस – नाफामुलक संस्था | एक प्रति | रु.३०० | |
| | संस्था दर्ता सिफारिस – गैरनाफामुलक संस्था | | रु.१५० | |
| | संस्था दर्ता सिफारिस – आइ. एन्. जि. ओ. | | रु.५०० | |
| ४४ | घरबाटो प्रमाणित | एक प्रति | रु.१५० | |
| ४५ | चारकिल्ला प्रमाणित | एक प्रति | रु.१५० | |
| ४६ | जन्ममिति प्रमाणित | एक प्रति | रु.१५० | |
| ४७ | विवाह प्रमाणित | एक प्रति | रु.१५० | |
| ४८ | घर पाताल प्रमाणित | एक प्रति | रु.१५० | |
| ४९ | फरक फरक नामथर/जन्ममिति सिफारिस | एक प्रति | रु.१५० | |
| ५० | कागज मञ्जुरीनामा | एक प्रति | रु.१५० | |
| ५१ | हकदार प्रमाणित | एक प्रति | रु.५०० | |
| ५२ | संरक्षक प्रमाणित | एक प्रति | रु.१५० | |
| ५३ | अविवाहित प्रमाणित | एक प्रति | रु.१५० | |
| ५४ | नामथर संशोधन सिफारिस | एक प्रति | रु.१५० | |
| ५५ | जग्गा रेखाङ्कन सम्बन्धि रोहवरमा बस्ने | एक प्रति | रु.१५० | |
| ५६ | जग्गा धनि पूर्जा हराएको सिफारिस | एक प्रति | रु.१५० | |
| ५७ | पूर्जामा घर कायम गर्ने सिफारिस | एक प्रति | रु.१५० | |
| ५८ | अंग्रेजी सिफारिस तथा प्रमाणित | एक प्रति | रु.५०० | |
| ५९ | मिलापत्र गराउने बादि/प्रतिवादी | | रु.३०० | |

| | | | | |
|---|---|---|---|---|
| ६० | ठेलागाडामा रहने व्यवसाय | प्रतिदिन | रु.५० | |
| ६१ | व्यक्तिगत घटना दर्ता (जन्म,विवाह,सम्बन्ध विच्छेद, मृत्यु) | एक प्रति | रु.५० | पैतिस दिन भित्र नि:शुल्क |
| ६२ | व्यक्तिगत घटना दर्ता (बसाइसराइ आउने/जाने) | एक प्रति | रु.५० | |
| ६३ | इन्जिनियर दर्ता | एक प्रति | रु.५०० | |
| ६४ | प्रमाणिकरण | एक प्रति | रु.५०० | |
| ६५ | ठेलागाडा रिक्सा दर्ता नामसारी/ठाउँसारी | एक प्रति | रु.१०० | |
| ६६ | भवन निर्माण स्विकृत — कच्ची | प्रति वर्ग फुट | रु.१ | |
| | भवन निर्माण स्विकृत — पक्कि | | रु.५ | |
| ६७ | भवन नक्सा नामसारी दस्तुर | एक प्रति | रु.५०० | |
| ६८ | भारतीय र ब्रिटिस पेन्सेन सिफारिस | एक प्रति | रु.३०० | |
| ६९ | घर निर्माण सम्पन्न सिफारिस (आर.सी.सी.) | एक प्रति | रु.५०० | |
| ७० | कर चुक्ता सिफारिस (नेपाली भाषामा) | एक प्रति | रु.१५० | |
| ७१ | घर बाटो सिफारिस | एक प्रति | रु.१५० | |
| ७२ | व्यवसाय दर्ता तथा नविकरण | एक प्रति | रु.५०० | |
| ७३ | सम्पति मूल्यांकन सिफारिस | एक प्रति | रु.१००० | |
| ७४ | नीजि क्षेत्रमा रुख कटान सिफारिस | प्रति रुख | रु.१५० | |
| ७५ | घुम्ति व्यापारी | प्रति दिन | रु.१०० | |
| ७६ | मौजुदा सूचीमा सुचिकृत दस्तुर | वार्षिक | रु.५०० | |
| ७७ | अन्य सिफारिस तथा प्रमाणित | एक प्रति | रु.१५० | |
| | **आय श्रोत प्रमाणित** | | | |
| ७८ | १० लाख सम्म | | रु.१००० | |
| ७९ | १० लाख देखी १ करोड सम्म प्रति लाख | | रु.१०० थप | |
| ८० | १ करोड देखी २ करोड सम्म | | रु.१२५०० | |
| ८१ | २ करोड देखी ३ करोड सम्म | | रु.१५००० | |
| ८२ | ३ करोड देखी ५ करोड सम्म | | रु.१८००० | |
| ८३ | ५ करोड देखी माथि | | रु.२५००० | |

माथि उल्लेखित नभएको विषयको हकमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्देद छ : आगामी आ.व.को लागि अनुमानित कर तथा गैरकर

**रु. हजारमा**

| क्र.सं. | राजश्व शीर्षक | ७८/७९ को लक्ष्य | कैफियत |
|---|---|---|---|
| १ | सम्पत्ति कर | २०० | |
| २ | घर वहाल कर | ३०० | |
| ३ | सेवा, शुल्क, दस्तुर | ३००० | |
| ४ | पर्यटन शुल्क | ०० | |
| ५ | विज्ञापन कर | ०० | |

| | | | |
|---|---|---|---|
| ६ | व्यवशाय कर | १००० | |
| ७ | भूमिकर (मालपोत) | ५०० | |
| ८ | दण्ड जरिवाना | ०० | |
| ९ | मनोरञ्जन कर | १०० | |
| १० | सवारी सानध तथा मेसीनरि औजार सूचीकृत | ३०० | |
| ११ | ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा चुनढुङ्गा समेत निकासी कर | ५५०० | |
| १२ | कवाडी कर | १०० | |
| १३ | निकासी कर | ५०० | |
| १४ | सामुदायिक वनबाट प्राप्त आय | १००० | स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ६२ ख को व्यवस्था अनुसार |
| **जम्मा रु** | | **१२५००** | |

## परिच्छेद सात : निश्कर्ष तथा सुझाव

### निश्कर्ष

नेपालको संविधानको अनुसुची ८ तथा नेपाल सरकार कार्य विस्तृतिकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम व्यक्तिको अचल सम्पत्तिमा लाग्ने मालपोत, घरजग्गा कर, सम्पत्ति कर, वहालबाट हुने आम्दानी कर, व्यवसाय कर तथा स्थानीय पूर्वाधार सेवा उपयोग र सिफारिस लगायतका दस्तुरबाट स्थानीय तहले एकल रुपमा आम्दानी प्राप्त गर्न सक्ने व्यवस्था छ भने मनोरञ्जन कर, विज्ञापन कर र सवारी साधन कर लगायतका करहरु प्रदेश सकरकारसँग साझा रुपमा आम्दानी गर्न सक्ने व्यवस्था छ ।

सोहि आधारमा रैनादेवी छहरा गाउँपालिकाले संकलन गरेको कर तथा राजस्वको आम्दानीलाई सकारात्मक दिशा उन्मुख देखिन्छ यद्यपी अझै पनि सबै व्यक्ति, व्यवशायीहरु करको प्रक्रियामा आईसकेको देखिदैन ।आगामी दिनमा कर प्रणाली र आम्दानीलाई व्यवस्थित गर्न गाउँपालिकाको तर्फबाट केही सुधारोन्मुख कदमहरु चालेको खण्डमा गाउँपालिकाको आन्तरिक आयमा बढोत्तरी हुनुका साथै देशकै कर प्रशासनमा टेवा पुग्ने निश्कर्ष समितिको रहेको छ।

### सुधारका लागि केही सुझाबहरु :

क) कर प्रणालीमा सुधार गर्न नवीनतम् प्रविधिहरुको उपयोगमा जोड दिने ।
ख) करदाताले तिरेको करको विवरण एकीकृत कार्ड बनाई लागु गर्ने ।
ग) आय आर्जन र व्यवशाय गर्ने सबैलाई स्थायी लेखा नं. प्रदान गर्न आन्तरिक राजस्व कार्यालयसँग समेत समन्वय गरी व्यवशाय दर्तालाई अनिवार्य गर्ने ।
घ) शिक्षण संस्थाले विद्यार्थी अभिभावकसँग लिने सबै प्रकारका शुल्कहरुमा शिक्षा सेवा शुल्क लिने व्यवस्था मिलाउन सकिने ।
ङ) पालिकामा दर्ता भएका सबै प्रकारका व्यवशायीहरुलाई नवीकरण गर्दा सबै प्रकारका कर चुक्ताको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्न लगाउने र व्यवसाय दर्ता नविकरण गर्दा बहाल कर त्यसैसँग आबद्ध गर्ने ।
च) सम्भव भए सम्म सबै वडा नभए केहि वडामा मात्र भए पनि एकीकृत सम्पत्ति कर लागु गरि विस्तार गर्दै लैजाने ।

छ) कर चेतना अभिवृद्धिका लागि प्रवर्द्धनात्मक, सचेतनात्कम कार्यक्रमहरु सञ्चालन गर्ने ।

ज) विद्युतीय उपकरण, प्लाष्टिक, सिसा लगायतका नकुहिने फोहोरलाई स्थानीय तहमै पुनःचक्रण गरेमा निःशुल्क प्रदान गर्ने र अन्यत्र पैठारी हुने भएमा न्यून शुल्कमा प्रदान गर्ने व्यवस्था मिलाउने ।

झ) निर्यात प्रवर्द्धनका लागि स्थानीय कृषि उपजहरुको बजारीकरण, निर्यातमा कुनै शुल्क नलगाउने ।

ञ) प्राकृतिक साधन स्रोतको अधिकतम उपयोग गर्दा वातावरणीय प्रभाव मुल्यांकन गरेर मात्र गर्ने ।

ट) सामाजिक सुरक्षा लगायत सबै प्रकारका सरकारी तथा नीजि कारोवारलाई बैंकिङ प्रणालीमा जोड दिने ।

ठ) राजस्व परिचालनका दृष्टिले गैरकर राजस्वका हालका दरहरुमा यथावत राख्ने तथा केहि उपजहरुको निर्यातमा कर छुट दिने ।

ड) कर तथा गैर कर प्रशासनमा प्रत्यक्ष संलग्न हुने जनशक्तिको जिम्मेवारी र जवाफदेहिता निर्धारण, आवधिक तालिम जस्ता कार्यक्रम संचालन गर्ने ।

ढ) वन तथा जडिबुटी पैठारीमा डिभिजन वन कार्यालय, प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी व्यवस्थित गर्ने ।

ण) राजस्व संकलन, व्यवशाय दर्ता लगायतका एकीकृत घुम्ती सेवा सबै वडामा सञ्चालन गर्ने ।

त) कर प्रशासन, व्यवस्थापन लगायत कर सम्बन्धि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तर्जुमा गरेका मौजुदा कानूनहरुको कार्यान्वयनका लागि प्रवर्द्धनात्मक र दण्डात्मक नीति लागू गर्ने ।

थ) स्थानीय उत्पादन र रोजगारीमा टेवा पु-याउने उद्योग व्यवशायलाई निश्चित अवधिसम्म कर छुटका साथै प्रवर्द्धनको व्यवसस्था मिलाउने ।

**धन्यवाद !**

संयोजक - श्री चेत कुमारी थापा, उपाध्यक्ष

सदस्य - श्री इन्द्र वहादुर क्षेत्री, प्रमुख प्रशासकीय अधिकृत

सदस्य - श्री मिना कुमारी रायमाझी, कार्यपालिका सदस्य

सदस्य - श्री लक्ष्मण हिताङ्ग, कार्यपालिका सदस्य

सदस्य सचिव - श्री हरि प्रसाद पराजुली, सहायक पाँचौ (आ.ले.प.)